स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



उनले "दिमाग खराब" फिल्मको "हितैको माया" जस्तो मीठासपूर्ण गीत गाइसकेकी थिइन् । "बेहुली फ्रम मेघौली" को "उडायो मन" बोलको गीत निकै रुचाइएको थियो । सुशान्त केसीसँगको सहकार्य रहेको "बार्दली" गीतको लोकप्रियता उचाइमा थियो । यी गीतमार्फत गायिका इन्द्रकला राईको स्वर लाखौं, करोडौंमाझ पुगिसकेको थियो । यस कारण भ्वाइसलाई मैले चिनिने प्लेटफर्म ठानेर सहभागी भएकी हुँ ।"

**आजको विचार...**



नेपालको.... (दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



दक्षिण भारतीय अभिनेता अजीत कुमार घाइते भएका छन् । खुट्टामा चोट लागेपछि उनलाई चेन्नईको एक प्राइभेट अस्पतालमा भर्ना गरिएको छ । भारतीय सञ्चारमाध्यम इन्डिया टुडेका अनुसार मंगलबार चेन्नई एयरपोर्टमा फ्यानको भिड लागेपछि उनको खुट्टामा सामान्य चोट लागेको थियो । उनी पद्म भूषणबाट सम्मानित भएपछि नयाँ दिल्लीबाट चेन्नई फर्किएका हुन् । अजीत पछिल्लो समय फिल्म "गुड ब्याड" मा देखिएका थिए । यस फिल्मलाई रविचन्द्रनले निर्देशन गरेका थिए ।

❒ वर्ष ३० ❒ अंक २७८ ❒ २०८२ वैशाख २१ गते आइतबार 4 May 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## नीतिगत व्यवस्था कार्यान्वयन फितलो हुँदा समस्यामा 'यौनिक अल्पसङ्ख्यक'

**हाम्रा संवाददाता**

**पाल्पा (रामपुर), वैशाख २०/** नीतिगत व्यवस्था कार्यान्वयन फितलो हुँदा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्याक समुदाय समस्यामा परेको छ । नेपालको संविधानले धारा १२ नागरिकताको हक, धारा १८ समानताको हक र धारा ४२ सामाजिक न्यायको हकमा यौनिक तथा लैङ्गिक अल्पङ्ख्यकको हक सुरक्षित गरेको छ । संविधानको धारा ३५(४) मा समावेशी र समानुपातिक सहभागिताको विषय उल्लेख छ । सरकारका हरेक नीति तथा कार्यक्रमले पनि लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको विषय समावेश गरेको छ । तर ति कार्यान्वयन नहुँदा समस्यामा परेको उनीहरुको गुनासो छ ।

राज्यले नीतिगत व्यवस्था गरे पनि कार्यान्वयनको पक्ष कमजोर हुँदा आफुहरु समस्यामा रहेको यौनिक अल्पसङ्ख्यक समुदायका अभियन्ताहरु बताउँछन् । यौनिक अल्पसङ्ख्यक समुदायको अधिकारका विषयमा जिल्लाको रामपुरमा सरोकारवालासँग भएको अन्तर्क्रिया कार्यक्रममा उनीहरुले संविधानमा व्यवस्था भएअनुसार पहिचानसहितको अधिकार प्राप्त गर्न नसकेको भन्दै अझै सङ्घर्ष गर्नुपरेको बताएका छन् । साहसी कदम नेपालको आयोजना, रामपुर नगरपालिका र टेवा नेपालको आर्थिक सहयोगमा भएको कार्यक्रममा सहासी कदम नेपालका केन्द्रीय सदस्य इन्द्रादेवी सारुले सरकारले पहिचानसहितको अधिकार संविधानमा उल्लेख गरे पनि प्रभावकारी कार्यान्वयन नगर्दा आफूहरूले समस्या भोग्नु परिरहेको बताइन् । आफूहरूको मुख्य लडाइँ पहिचान र समावेशिता भएको उनको भनाइ छ । उनले परिवारबाट पनि अपहेलित भएर टाढिनु पर्ने बाध्यता रहेको भन्दै यौनिक अल्पसंख्यकका लागि सरकारले फरक नीतिगत व्यवस्था सहित कार्यान्वयनको पक्ष बलियो बनाउन आवश्यक रहेको औंल्याइन् । अभियन्ता भूमिका श्रेष्ठले यौनिक अल्पसंख्यक समुदायका मानिसलाई समाजको फरक दृष्टिकोण र गलत बुझाइका कारण अपहेलनाको सिकार बन्नु परेको बताइन् । संस्थाका प्रबन्ध निर्देशक रेश्म न्यौपानेले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायमाथिको बुझाइमा केही परिवर्तन आए पनि अझै विभेद र लाञ्छनाको अन्त्य नभएको बताउँछन् । यो समुदायले नागरिकता, विवाह, सम्पत्तिलगायत क्षेत्रमा कानुनमै विभेद खेपिरहनुपरेको उनको गुनासो छ । "नेपालको नागरिक भए पनि अन्य नागरिक जस्तै समान हक पाएका छैनौं । फरक पहिचान भएकै कारण घरपरिवार र समुदायबाट अपहेलित हुनुपरेको छ । सैर्षपश्चात् विवाह गर्ने अधिकार स्थापित भए पनि सन्तानको हकमा कानुनी समस्या कायमै छ । नागरिकता पाउन लिङ्ग पुष्ट्याइँ गर्नुपर्नेजस्ता विभेदकारी अवस्थाहरू छन्", न्यौपानेले भने ।



कार्यक्रम संयोजक सुरज थापाले रामपुर नगर भित्र पनि यौनिक तथा अल्पसंख्यक समुदाय भन्न नसक्ने र खुल्न नचाहने धेरै रहेको बताइन् । कार्यक्रममा रामपुर नगरपालिकाका कार्यवाहक नगर प्रमुख तथा उपप्रमुख बालकुमारी थापाले स्थानीय तहको सिमित स्रोत र साधनकाबिच पनि यौनिक तथा अल्पसंख्यक समुदायको हितका लागि नीतिगत व्यवस्था सहित कार्यान्वयनका लागि बजेट र कार्यक्रमको व्यवस्था गरेको बताइन् । नगर भित्र रहेका यौनिक अल्पसंख्यक समुदायको अधिकार सुनिश्चतताका लागि नगर सरकार प्रतिबद्ध रहेको उनको भनाई छ । थापाले नगरपालिका भित्र पनि यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरु रहे पनि खुल्न नचाहेको उल्लेख गरिन् । उपप्रमुख थापाले समाजको डरले गर्दा यौनिक अल्पसंख्यक समुदायका व्यक्ति खुल्न नचाहेको बताउँदै यस समुदायको उत्थान र सहज रुपमा खुलेर जिउने वातावरण बनाउन नगरपालिका प्रतिबद्ध रहेको बताइन् ।

**संक्षिप्त समाचार**

### भलिबल खेलाडी श्रेष्ठको निधन



**गुल्मी, वैशाख २०/** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भलिबल खेलाडी बद्रीप्रकाश श्रेष्ठको निधन भएको छ । जिल्लाको रेसुङ्गा नगरपालिका-१ का ५५ वर्षीय श्रेष्ठको उपचारका क्रममा काठमाडौंको मेडिसिटी अस्पतालमा निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।

श्रेष्ठ लामो समयदेखि लिभरको समस्याबाट ग्रसित थिए । नेपालको तर्फबाट जर्मन र बङ्गलादेश लगायतका देशमा भलिबल प्रतियागिता खेलेका श्रेष्ठको निधनले जिल्लाका खेलप्रमी शोकमा छन् । देशको खेल क्षेत्रको विकासमा योगदान पुऱ्याएका श्रेष्ठको निधनले निकै स्तब्ध बनाएको जिल्ला भलिबल सै गुल्मीले जनाएको छ । उनका श्रीमती र छोराछोरी रहेका छन् ।

## आजदेखि कक्षा १२ को परीक्षा हुँदै



**पाल्पा, वैशाख २०/** आजदेखि देशभरका परीक्षा केन्द्रमा कक्षा १२ को परीक्षा सञ्चालन हुँदै छ । जेठ २ सम्म गतेसम्म सञ्चालन हुने परीक्षाको सम्पूर्ण तयारी पुरा भएको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ ।

परीक्षामा ५ लाख ११ हजार ५ सय २५ परीक्षार्थी सहभागी हुँदै छन् । नियमिततर्फ ३ लाख ९५ हजार ९ सय ८ र आंशिक १ लाख १५ हजार ६ सय १७ जना विद्यार्थी सहभागी हुँदै छन् । ५ हजार २ सय २ विद्यालयका विद्यार्थीलाई कक्षा १२ को परीक्षा दिन १ हजार ५ सय ९१ परीक्षा केन्द्र तोकिएको बोर्डले जनाएको छ । ७७ जिल्लामध्ये थोरै मनाङबाट ४५ जना र काठमाडौंबाट ६८ हजार १ सय ३३ जना परीक्षार्थी छन् । मनाङ/मुस्ताङमा १/१ वटा र काठमाडौंमा सबैभन्दा धेरै १ सय ६२ वटा परीक्षा केन्द्र तोकिएको बोर्डले जनाएको छ । जापानस्थित एभरेस्ट स्कुलबाट ३८ जना विद्यार्थीहरुले पनि परीक्षा दिँदै छन् । उनीहरुले त्यहीको केन्द्रबाट परीक्षामा दिने छन् । शिक्षकहरुको आन्दोलनका कारण वैशाख ११ देखि तोकिएको परीक्षा १० दिन पछाडि सरेको थियो । परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले विज्ञप्ति जारी गर्दै परीक्षालाई स्वच्छ, मर्यादित, अनुशासित, व्यवस्थित र विद्यार्थीमैत्री बनाउन अपिल गरेका छन् । कर्णाली प्रदेशबाट सबैभन्दा कम ३८ हजार ८ सय ८८ र बागमती प्रदेशबाट सबैभन्दा धेरै १ लाख ३५ हजार २ सय ४० परीक्षार्थी सहभागी हुँदै छन् । बोर्डका अनुसार कोशीबाट ८२ हजार ८ सय ७१, मधेशबाट ६९ हजार ८ सय ८, गण्डकीबाट ४३ हजार ३ सय ४९, लुम्बिनीबाट ९० हजार ६ सय ७८ र सुदूरपश्चिमबाट ५० हजार ६ सय ५४ जना विद्यार्थी सहभागी हुँदै छन् ।

## समूहबाट आर्थिक समृद्धि खोज्दै महिला

**दाङ, वैशाख २०/** घोराही उपमहानगरपालिका-८ कटुकीका वसन्ती चौधरी समूहमा आबद्ध भएको दुई वर्ष भयो । उनी जनचेतना महिला कृषक समूहको कोषाध्यक्ष हुन् । समूहमा रहेका २० जनाले सामूहिक खेती गर्ने गरेको उनले बताइन् ।

चौधरीले भनिन्,"नौ कट्ठा जमिन भाडामा ल्याएर आलु र प्याजखेती गरेका थियौँ, आलु उत्पादन राम्रो भयो र प्याज पनि राम्रो भएको छ, दुई वटा टनेल बनाएर खेती गरेका छौँ, कृषि ज्ञान केन्द्र दाङले लक्षित वर्गका लागि बजेट सहयोग गरेको छ ।" सोही कार्यालयले २० जनालाइ २० हजारका दरले बीउपुँजी सहयोग गरेको उनले बताइन् । "समूहमा आबद्ध भएपछि सरकारी कार्यालयमा के-के कार्यक्रम आउछन्, त्यसका बारेमा जानकारी हुने गरेको छ", उनले भनिन् । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र दाङले



बङ्गुरपालनका लागि खोर बनाउन १० लाख बजेट सहयोग गरेको उनले बताइन् । जनचेतना महिला कृषक समूहका अध्यक्ष देउकुमारी चौधरीले वित्तिय साक्षरता सिकेर बचत गर्न, लगानी गर्न, ऋण व्यवस्थापन गर्न, आम्दानी र खर्चमा योजना बनाउन जानेको बताइन् । उनले भनिन्,"सामूहिक काम गर्दा छिटो र छरितो हुने गरेको छ, खेताला लगाउन नपर्ने सजिलै काम सकिने भएको छ ।" घोराही-१२ का नन्दा योगीले मौरीपालन तालिम लिएर मौरी पाल्न सुरु गरेकी छन् । मुक्त कमलरी विकास मञ्च र सोसेक नेपालले तालिमसँगै पाँच घार मौरी दिएको थियो । मौरीपालन तालिमपछि व्यावसायिक रुपमा पालन सुरु गरेको उनले बताइन् । अहिले उनीसँग १० घार मौरी छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

## सम्पादकीय

# हाँसेर नै रोगलाई जितिन्छ

**हाँसोले मानिसको स्वास्थ्य ठीक राख्न पनि मद्दत गर्छ । हाँस्नु शारीरिक तथा मानसिक स्वास्थ्य दुवै हिसावले फाइदाजनक हुने चिकित्सकहरु बताउँछन् । यदि कोही मानिस दिल खोलेर हाँस्छ भने उसको तनाव हट्नुका साथै शरीरलाई पनि राम्रो कसरत हुन्छ । दैनिकजसो नियमितरुपमा मानिस मुस्कुराइरहन्छ भने उसमा मुटुसम्बन्धी रोग लाग्ने सम्भावना कम हुन्छ । धेरै मानिस खुलेर हाँस्दा अनुहारको छालामा चाँडै चाउरीपन देखिन्छ भन्ने धारणा छ तर त्यो गलत हो । खुलेर हाँस्नाले छाला चाउरिने होइन, बरु हाँस्दा उत्तपन्न हुने विभिन्न खालका हर्मोनहरुले छालालाई झन् चम्किलो बनाउने गर्छन् ।**

**हाँसोका माध्यमबाट विश्व शान्तिमा सकारात्मक योगदान र भ्रातृत्व तथा मित्रताको विश्वव्यापी चेतना फैलाउनका लागि हरेक वर्ष विश्व हाँसो दिवस मनाइने गरिन्छ । आजविश्वभर यो दिवस मनाइँदै छ । अहिलेको अवस्थामा हाँसो दिवसको महत्व अत्यन्त ठूलो रहेको छ । हाँसोले शारिरिक र मानसिक तनाव हटाउन मद्द गर्नुका साथै रोग प्रतिरोधी क्षमतामा वृद्धि गर्न सहयोग पुऱ्याउँछ । हाँसोले तनावका हार्मोनलाई घटाई स्वस्थ रहने रसायन बढाउँछ । साथै मुटुको चाल घटबढ हुने समस्यासमेत कम गर्छ । मोटोपन भएकाहरुले दैनिकरुपमा १० देखि १५ मिनेटसम्म खुलेर हाँस्नाले मोटोपनको समस्याबाट जोगिन सक्छन् । मानसिक तनाव, रिस, घमण्ड, भोक, पीर तथा चिन्ता कम गर्ने तथा नकार्न प्रयोग गरिने अचुक औजार मुस्कान वा हाँसो सामाजिक जीवन तथा स्वास्थ्यका लागि अति उपयोगी मानिन्छ । खुसीले मानिसलाई सफलता र सुख दिन्छ । जीवनमा सफलता र सुख मिल्यो भने मात्र स्वास्थ्य जीवन जिउन सकिन्छ ।**

**तपाईंको व्यवहारिक समस्याहरु छ । पारिवारिक समस्या छ । तैपनि तपाई धेरैजसो समय उन्मुक्त हाँस्नुहुन्छ भने घरमा उक्त समस्याको कुनै संकेत देखिदैन । घरको वातावरण उमङ्गमय हुन्छ । तपाई जति उदास, चिन्तित, तनावग्रस्त देखिनुहुन्छ, घरको माहौल उत्तिनै खराब देखिन्छ । आफ्ना श्रीमान/श्रीमतीका अगाडि, बालबच्चाका अगाडि, आफन्तका अगाडि तपाई मात्र प्रफुल्ल देखिनुहोस् । सानोतिनो कुरामा पनि खुलेर हाँस्नुहोस् । घरको माहौल सुन्दर बन्छ । हाँस्नले शान्ति मात्रै मिल्दैन रोगलाई समेत जित्न सकिन्छ । तसर्थ सधैँ हासौं र सधैँ खुसी रहुँ ।**

## Opinion @ Social Network

बोल्दा घोचेर हैन सोचेर बोल्ने गर्नुस,
किनकि बोल्नेले बिर्से पनि सुन्नेले बिर्सेको हुँदैन ।
*(उमा रानाको फेसबुकस्टाटस https://www.facebook.com/rana.uma35798)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको वर्तमान अर्थतन्त्र : अवस्था र चुनौती



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

सामान्यतया कुनै पनि देशको अर्थतन्त्रलाई बन्द अर्थतन्त्र र खूल्ला अर्थतन्त्र गरि दुई आधारमा हेर्ने गरिन्छ । बन्द अर्थतन्त्रमा घरायसी क्षेत्र, व्यवसायिक क्षेत्र र सरकारी क्षेत्र पर्ने गर्दछन् भने खुला अर्थतन्त्रमा थप अन्तर्राष्ट्रिय क्षेत्र समावेश हुने गर्दछ । जहाँ अन्तर्राष्ट्रिय क्षेत्र भित्र आयात - निर्यात व्यापार पर्ने गर्दछ । कुनै पनि देशको अर्थतन्त्र त्यस देश सञ्चालनको आधार हो ।

यसलाई शरीरको रक्तसञ्चारसँग तुलना गर्न सकिन्छ । यसैका आधारमा देश विकास र जनताको जीवनस्तर सुधार गर्ने योजना निमार्ण हुने गर्दछ । सन् १९६० को दशकमा नेपालसँगै विकासको अवस्थामा रहेका दक्षिण कोरीया, मलेसिया, थाइल्याण्ड जस्ता देशहरुले विकासमा फड्को मारी आफुलाई विश्व सामु अब्बल सावित गरिरहेको छन् तर हामी भने स.न. २०२६ मा मात्रै विकाशील देशमा स्तरोन्नति हुँदैछौ यसको कारण विश्लेषण गर्दै, अर्थतन्त्रका चार क्षेत्रमा सुधार गर्नका लागि आवश्यक कदम चाल्नु आवश्यक देखिन्छ ।

पछिल्लो समय नेपालको अर्थतन्त्र केही बाह्य तत्व र केही आन्तरिक तत्वका कारण समस्या ग्रस्थ अवस्थामा रहेको कुरामा दुईमत रहँदैन् । मुख्य कारणहरुमा विश्व अर्थतन्त्रमा कोभिड-१९ को दीर्घकालिन प्रभाव, रुस युक्रेन युद्ध, विश्वका मध्य पूर्वका देशहरुबिचको भू-राजनीतिक तनाव, न्यून उत्पादन र उच्च ऋण लागत रहेका छन् । बेला-बेलामा देशका अर्थमन्त्रीले आयले व्यय धान्न नसकेको कुरा गरेको सुनिन्छ । सरकारहरुले अर्थतन्त्रलाई सरकारको सफलता र असफलतासँग जोड्ने प्रवृत्तिमा नेपालमा रहेको र यसका लागि अर्थतन्त्रको यथार्थ स्थितिको तथ्याकं देखाउन सरकार हिचकिच्याएको देखिन्छ । यो नेपालको अर्थतन्त्रसँग सम्बन्धित सबै भन्दा ठूलो समस्याको रुपमा रहेको देखिन्छ । नेपालको अर्थतन्त्रको वर्तमान अवस्था, विश्व अर्थतन्त्रको परिवेश, नेपालको अर्थतन्त्रको चुनौती लगायत विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

*यसलाई शरीरको रक्तसञ्चारसँग तुलना गर्न सकिन्छ । यसैका आधारमा देश विकास र जनताको जीवनस्तर सुधार गर्ने योजना निमार्ण हुने गर्दछ । सन् १९६० को दशकमा नेपालसँगै विकासको अवस्थामा रहेका दक्षिण कोरीया, मलेसिया, थाइल्याण्ड जस्ता देशहरुले विकासमा फड्को मारी आफुलाई विश्व सामु अब्बल सावित गरिरहेको छन् तर हामी भने स.न. २०२६ मा मात्रै विकाशील देशमा स्तरोन्नति हुँदैछौ यसको कारण विश्लेषण गर्दै ,अर्थतन्त्रका चार क्षेत्रमा सुधार गर्नका लागि आवश्यक कदम चाल्नु आवश्यक देखिन्छ । पछिल्लो समय नेपालको अर्थतन्त्र केही बाह्य तत्व र केही आन्तरिक तत्वका कारण समस्या ग्रस्थ अवस्थामा रहेको कुरामा दुईमत रहँदैन् । मुख्य कारणहरुमा विश्व अर्थतन्त्रमा कोभिड-१९ को दीर्घकालिन प्रभाव, रुस युक्रेन युद्ध, विश्वका मध्य पूर्वका देशहरुबिचको भू-राजनीतिक तनाव, न्यून उत्पादन र उच्च ऋण लागत रहेका छन् ।*

**विश्व अर्थतन्त्रको वर्तमान अवस्था:**

विश्व अर्थतन्त्रको वृद्धिदर स.न २०२३ मा ३ दशमलव ३ प्रतिशत रहेकोमा स.न.२०२४ मा ३ दशमलव २ प्रतिशत र सन् २०२५ मा ३ दशमलव २ प्रतिशत रहेको प्रक्षेपण गरिएको छ ।

सन् २०२३ मा भारत र चीनको अर्थतन्त्र क्रमश : ८ दशमलव २ प्रतिशत र ५ दशमलव २ प्रतिशतले विस्तार भएकोमा सन् २०२४ मा क्रमश: ७ प्रतिशत र ५ प्रतिशत रहेको र सन् २०२५ सम्म आईपूग्दा क्रमश ६ दशमलव ५ र ४ दशमलव ५ प्रतिशत रहने अनुमान गरिएको छ । वि.स २०२३ मा विश्व उपोभोक्ता मुद्रास्फिती ६ दशमलव ७ प्रतिशत । वि.स २०२४ मा ५ दशमलव ८ प्रतिशत र स.न.२०२५ सम्ममा ४ दशमलव ३ प्रतिशत रहने अनुमान गरिएको छ ।

**नेपालको वर्तमान अर्थतन्त्रको अवस्था :**

नेपाल सरकाका निकायहरुले प्रस्तुत गर्ने फरक-फरक तथ्यांकका कारण नेपालको अर्थतन्त्रको अवस्था प्रति आम जनता विश्वस्त हुन नसक्नुको मुख्य कारण हुँदा हुँदै पनि यहाँ नेपाल राष्ट्र बैंक, राष्ट्रिय तथ्याक विभाग, आर्थिक सर्वेक्षण २०८१/०८२ को आर्थिक सर्वेक्षणका आधारमा केहि तथ्याङ्क प्रस्तुत गरिएको छ ।

जुन सकरात्मक रुपमा रहेका छन् । आर्थिक बर्ष २०८१/०८२ मा नेपालको कुल ग्राहस्थ उत्पादन ( GDP ) को वृद्धि दर ४ दशमलव ९ प्रतिशत रहने अनुमान गरिएको छ भने यो अघिल्लो वर्षको तुलनामा ३ दशमलव ९ प्रतिशतले बढी हो । यसमा वृद्धि हुनुको मुख्य कारणको रुपमा कृषि र ओद्योगिक क्षेत्रमा आएको सुधारलाई लिन सकिन्छ । विश्व बैंकले नेपालको आर्थिक वृद्धि दर ५ दशमलव १ प्रतिशत हुने प्रक्षेपण गरेको छ । विदेशी विनिमय सञ्चिति रु. १९११ अर्ब ८६ करोड ,शोधानान्तर स्थिति रु.३६५ अर्ब १६ करोड बचत रहेको । मुद्रास्फिती दर ४ दशमलव ९ प्रतिशत छ । गरिबीको अबस्था १३ दशमलव ८ प्रतिशत ,बेरोजगारी दर १२ दशमलव ६ प्रतिशत , प्रति व्यक्ति आय १५१७ अमेरिकी डलर रहेको छ । प्रतिव्यक्ति खर्च योग्य आय १८४३ अमेरिकी डलर रहेको छ । प्रतिव्यक्ति कुल ग्राहस्थ उत्पादन १४३४ डलर रहेको छ । कुल ग्राहस्थ उत्पादनमा कृषि ,उद्योग र उत्पादन क्षेत्र क्रमश २४ दशमलव ०९, १३ र ६२ दशमलव ९ प्रतिशत रहेको छ ।

**नेपालको अर्थतन्त्रका चुनौतीहरु :**

नेपालको पछिल्लो अर्थतन्त्रको अध्ययन तथा विश्लेषणबाट केहि चुनौतीहरुलाई निम्न अनुसार देखाउन सकिन्छ ।

- दिगो आर्थिक वृद्धिदर हासील गर्ने पक्ष ।
- उत्पाद तथा उत्पादकत्व बढाउने पक्ष ।
- समानुपातिक बजेट विनियोजन पक्ष ।
- पुँजीगत खर्च शत प्रतिशत गर्ने पक्ष ।
- प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्ने पक्ष ।
- राजश्व प्रणालीमा सुधार गर्ने ।
- सार्वजनिक खर्च व्यवस्थापन ।
- थप आम्दानीका स्रोतको खोजी ।
- सार्वजनिक ऋण, अनुदान र सहयोगको व्यवस्थापन पक्ष ।
- लगानी मैत्री वातावरणमा सुधार गर्ने पक्ष ।
- व्यापार घाटा न्यूनिकरण गर्ने ।
- रोजगारी सिर्जना गर्ने ।
- गरिबीको अन्त्य र जनताको दैनिकी सुधार गर्ने ।
- संघ, प्रदेश र स्थानीय तह बीच आर्थिक समन्वय र सहकार्य गर्ने पक्ष ।
- प्राकृतिक स्रोतको परिचालन ।
- आत्मनिर्भर अर्थतन्त्रको खोजी गर्ने पक्ष ।

**नेपालको अर्थतन्त्रलाई मितव्ययी बनाउने पक्षहरु :**

- थप व्ययसँगै आय पनि खोजी तथा बढाउदै लैजाने ।
- प्रदेश तथा स्थानीय तहलाई आर्थिक रुपमा मितव्ययीका लागि आवश्यक नियन्त्रण गर्ने ।
- प्रदेश, स्थानीय तह, साँसद र मन्त्रीको संख्यामा कटौती गर्ने ।
- कार्यालय र कर्मचारी दरवन्दीमा पुर्नसंरचना गर्ने ।
- आर्थिक विधि, आर्थिक ऐन नियमको पालन गर्ने ।
- तीनै तह, मन्त्रालय, विभाग, कार्यालयमा वित्तिय अनुशासन कायम गर्ने ।
- वेरुजु नियन्त्रणमा विशेष जोड दिने ।
- जथाभावी दरवन्दी सिर्जना र कारार नियुक्तीमा नियन्त्रण गर्ने ।

**अर्थतन्त्रमा समस्या ल्याउने पक्षहरु :**

- वैदेशीक सहयोग र अनुदानकै भरमा विकास योजना तय गर्नु ।
- वैदेशीक सहयोग नीति अबलम्वनको अभाव ।
- वैदेशीक ऋणको अश बढाउँदै लैजानु, यसमा नियन्त्रणको कदम नचाल्नु ।
- सार्वजनिक खर्च बढाउदै लैजानु, आम्दानीको स्रोत नखोज्नु ।
- वैदेशिक व्यापारको अवस्था दयनिय हुनु जहाँ निर्यात भन्दा आयातको अशं बढी हुनु ।
- वैदेशिक व्यापारमा आयात महँगा तयारी बस्तु र निर्यात सस्ता प्राथमिक बस्तु हुनु ।
- डलर बेचेर भारतीय रुपैयाँ किन्नु पर्ने अवस्था कायम भई रहनु ।
- आम्दानीले खर्च धान्न समस्या ।
- राज्यको नयाँ सरचनासँगै प्रशासनिक खर्च अत्याधिक बढ्दै जानु ।
- स्वेच्छाचारी तरीकाले व्ययभार बढाउदै लानु
- वैदेशिक ऋणको अशं बढाउदै लैजानु, बजेटको ठूलो अशं साँवा व्याज भुक्तानीका लागि छुट्याउनु पर्ने ।
- वैदेशिक मुद्रा प्राप्तीको भरपर्दो स्रोत रेमिटान्स हुनु ।

**निष्कर्ष :**

अथाहा प्राकृतिक स्रोत र साधनले भरिपूर्ण देश, जसको प्रयोगबाट अर्थतन्त्रलाई उच्च विन्दुमा पुऱ्याउन सकिने सम्भावना हुँदा हुँदै यसतर्फ बेखवर हुनु, वैदेशीक ऋण र अनुदानकै भरमा देश सञ्चालनको आधार तय गर्ने प्रवृत्तिको अन्त्य गर्दै देशको माटो सुहाँउदो, आवश्यकता र औचित्यका आधारमा योजना छनौट गर्दै, अर्थतन्त्रलाई मितव्ययी बनाउन सकेमा देशको अर्थतन्त्रले गति लिन सक्ने देखिन्छ । यसका लागि तीनै तहका सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संस्था, विकासका साझेदार, लगानीकर्ता तथा आमनागरिक समाज आ-आफ्नो स्थानबाट कटिबद्ध भएर लाग्नु पर्ने देखिन्छ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सम्बन्ध बढ्ने समय रहेको छ । प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ । | **तुला** : प्रेममा वाधा आउनसक्छ । शुभकार्यको चर्चा भने चल्नेछ । |
| **वृष** : ठीक समयमा सही निर्णय लिन सकिनेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ। | **वृश्चिक** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । मित्रबाट सहयोग पाइनेछ । |
| **मिथुन** : सामान हराउने योग छ । अभिभावकको आशीर्वादले काम गर्नसक्छ। | **धनु** : काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । आतिथ्यपूर्ण सम्मान पाइएला। |
| **कर्कट** : मनोरञ्जनमा समयको ख्याल गर्नुपर्नेछ । यात्रा कष्टकर हुनसक्छ । | **मकर** : अधुरो काम पूरा हुनेछ । यात्राको सम्भावना छ । |
| **सिंह** : धार्मिक कार्यमा सरिक भइनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **कुम्भ** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । झैझमेलाको अवस्था आउला। |
| **कन्या** : नयाँ कमको थालनी हुनेछ । अचल सम्पत्ति हात पर्ला । | **मीन** : मनमा शान्ति छाउनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । |

## कृषि

# अब पाल्पाको चिनारी बन्दैछ अम्रिसो



यो काउलेडाँडा बिग्रिएको चौर थियो । गाउँलेले गाईवस्तु चराउँथे । कतै नाङ्गो डाँडा थियो, कतै वनमाराको झाडी । गतिलो घाँस नहुँदा गाईवस्तु पनि अघाउँथेनन् । २०६५/६६ मा यो ठाउँमा अम्रिसो रोप्न सकिन्छ कि भनेर तयारी गर्‍यौं । २०६७ सालमा अम्रिसो रोप्ने काम पनि भयो । हरियाली वृद्धिसँगै गरिबी न्यूनीकरण गर्ने उद्देश्यले यो काम शुरू गरिएको थियो । गौचरनका रूपमा रहेको ठाउँमा अम्रिसो रोप्ने कुरा चलाउँदा शुरूका दिनमा गाउँलेबाट विरोध पनि आयो । गौचरनमा अम्रिसो रोपेपछि हामीले गाईवस्तु कहाँ चराउने ? भनेर औंला ठड्याएर प्रश्न सोधे पनि । सहमतिमा ल्याउन सम्झाउने-बुझाउने काम भयो । केही घरपरिवारलाई पहिलो वर्ष झाडी फाडेर मकै र कोदो लगाउने र त्यसको आम्दानी लिन पनि दियौं । शुरुआती चरणमा अम्रिसो खेतीका लागि एक घरले एक महिना निरन्तर श्रमदान गरेको थियो । एक महिनाको अवधिमा एक घरले तीन हजार अम्रिसोका गाँज रोप्ने नियम पूरा गर्‍यौं । अम्रिसोको गाँज पनि सबै परिवारले खोजेर रोपे । त्यो समयमा गाउँ नै साँच्चिकै श्रमदानको अभियानमा लागेको थियो । अम्रिसोले अहिले पाल्पाको चिनारी नै बदलिंदै गएको छ । काउलेडाँडामा एशियाकै सबैभन्दा ठूलो अम्रिसो खेती विकास भएको छ । हरियाली प्रवर्द्धनमा उदाहरणीय काम गरेको भन्दै हाम्रो कबुलियती वन समूहले २०६९ सालमा संघीय वन तथा वातावरण मन्त्रालयबाट रु.२ लाख राशि सहित 'परिवर्तित विकास पुरस्कार' पायौं ।झिरुबास क्षेत्र जिल्लाको मात्रै नभई नेपालका अन्य ठाउँका लागि पनि सिकाइको केन्द्र बनिरहेको छ । सफल उदाहरण हेर्न, सिक्न र आफ्नो गाउँ-ठाउँमा अनुसरण गर्न यहाँ धेरै ठाउँबाट अम्रिसोका बिरुवा लिन आउने गरेका छन् । अम्रिसोको कुचो बिक्री गरी प्रति घरपरिवारले वार्षिक रु.१ लाख हाराहारी आम्दानी गर्छन् । हाम्रो मुख्य आम्दानी नै अम्रिसो बनिरहेको छ ।सानोतिनो पैसाका लागि महिलाले पुरुषमा भर पर्नुपर्ने अवस्था थियो । अम्रिसो अभियानले महिलामा बचत गर्ने बानी बस्यो । अहिले महिलाको हातमा पनि पैसा पुगेको छ । साँच्चि नै भन्ने हो भने अम्रिसोले सामाजिकीकरणमा निकै ठूलो सहयोग गरेको छ । स्थानीयले कबुलियती वनमा मात्रै नभई बारीका कान्ला र पाखो पखेरोमा समेत अम्रिसो रोपेका छन् । पाखो डाँडा अहिले हरियाली छ । इलामको चिया बगान जस्तै यहाँ अम्रिसोको बगानले पर्यटनको अभ्यास गर्न पाउँदा हामीलाई गर्व लाग्छ । हरियाली प्रवर्द्धन र भूक्षय रोकथामको अभ्यास सिक्न खोज्नेहरू यहाँ आउने गरेको छन् । डाँडामा हरियाली भएका कारण पानीको स्रोत संरक्षणमा निकै फाइदा पुगेको छ । हरियाली बढेपछि डाँडामुनिका खोल्सामा पानीका मुहान सुकेका छैनन् ।अम्रिसोको कमाइ विद्यालय सञ्चालनमा प्रत्यक्ष सहयोगी भएको छ । अप्रत्यक्ष रूपमा यस क्षेत्रका सयौं बालबालिकाको पठनपाठनमा वरदान बनेको छ । तत्कालीन रूपमा म विद्यालयको प्रधानाध्यापक थिएँ । बिग्रिएको जमिनमा अम्रिसोले हरियाली थपे झैं बालबालिकालाई शिक्षा लिनमा उत्तिकै सहयोग गरेको छ । त्यतिवेला केस स्टडी गर्दा विद्यार्थीले स्कूल छाड्ने, कापीकलम नहुने, घाँस काट्न जाने, बाबुआमा घाँस काटेर फर्किंदा ढिलो भई खाना खान नदिने हुँदा स्कूल नियमित नआउने र छाड्ने गरेको पाइएको थियो । अहिले पैसाका कारण विद्यालय छाड्नुपर्ने अवस्था हटेर गएको छ ।सबैले आफ्नो ठाउँमा प्रयत्न गर्‍यो भने उपलब्धि हुन्छ, आयआर्जनमा वृद्धि हुन्छ र सामाजिकीकरण पनि हुन्छ भन्ने सोचले अहिले पूर्णता पाएको छ । हाम्रा यी गाउँबाट श्रमिकको रूपमा काम गर्न बाहिर जान्थे भने अहिले अम्रिसोले स्थानीय स्तरमै रोजगारी दिएको छ । अम्रिसोबाट घाँस पनि भएपछि पशुपालन र खेतीपातीमा मानिस जोडिएका छन् ।सानोतिनो पैसाका लागि महिलाले पुरुषमा भर पर्नुपर्ने अवस्था थियो । अम्रिसो अभियानले महिलामा बचत गर्ने बानी बस्यो । अहिले महिलाको हातमा पनि पैसा पुगेको छ । साँच्चि नै भन्ने हो भने अम्रिसोले सामाजिकीकरणमा निकै ठूलो सहयोग गरेको छ । हिजो वल्लोपल्लो गाउँमा चिनजान थिएन, अहिले २२७ घरधुरी एउटै परिवार जस्तो भएको छ । सबैले सबैको सम्मान गर्छन्, मिलेर काम गर्छन् । १९ समूहको प्रत्येक महिना बैठक बस्छ, कतिवेला गोलमेल गर्ने, झाडी सफाइ गर्ने आफैं परिपाटीको विकास भएको छ ।अम्रिसोको कारण पर्यटनले पनि फड्को मारेको छ । आन्तरिक पर्यटकहरू आइराखेका छन् । सुन्तला रोपे सुन्तला फल्छ, कागती रोपे कागतीह फूल रोपे फूल फुल्छ भने झैं अहिले हामीकहाँ अम्रिसो सप्रिएको छ । गाउँमा पैसा आएको छ । डाँडामा हरियाली छाएको छ । यो देख्दा मन आनन्दित भएर आउँछ । *(पाल्पा निस्दी गाउँपालिकाका अम्रिसो अभियन्ता दमन पाटा मगरसँग पत्रकार कृष्ण मल्लले गरेको कुराकानीमा आधारित ।)*

# दोब्बरले बढ्यो लसुन आयात, जान्छ कहाँ ?

फेरि पनि लसुन आयात दोब्बर बढेको छ । गत पुसमा आयात अस्वाभाविक बढेको भन्दै आलोचना भएपछि चीनबाट सामान आयात हुने भन्सारका क्वारेन्टाइनमा कडाइ गरिएको थियो ।

वारेन्टाइनमा लसुन रोकिएसँगै माघ र फागुनमा आयात ह्वात्तै घटेको थियो । माघ र फागुनको तुलनामा चैतमा आयात दोब्बर विभागको तथ्यांकमा देखिएको छ । माघमा ७ करोड ९९ लाख ५६ हजार रुपैयाँको ६ लाख १० हजार २८० किलो लसुन आयात भएको थियो । फागुनमा पनि ६ करोड २५ लाख ४६ हजार रुपैयाँको ४ लाख ८५ हजार ७०१ किलो लसुन आयात भएको थियो । तर माघ र फागुनको तुलनामा चैतमा लसुन आयात दोब्बरले बढेको विभागको तथ्यांकमा उल्लेख छ । चैतमा १२ करोड २८ लाख ६१ हजार रुपैयाँको ९ लाख ६४ हजार ३३५ किलो लसुन आयात भएको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव तर्कराज भट्ट पनि लसुन आयात बढिरहेको बताउँछन् । तर पछिल्लो समय भन्सार क्वारेन्टाइनमा गुणस्तर परीक्षण सँगै कढाइ गरेपछि केही लसुन रोकिएको उनको भनाइ छ ।

'आयात बढेको देखिन्छ । पछिल्लो समय भन्सार क्वारेन्टाइनले गुणस्तरमा प्रश्न उठाएर कडाइ गरेको थियो । एक-दुई पटक रोकेको पनि थियो,' भट्ट भन्छन्, 'धेरै आयात हुँदा कता गयो भन्नु स्वाभाविक हो, अहिले आयातमा रोक लगाइएको छैन । तर अनौपचारिक व्यापारलाई प्रोत्साहन भने गर्नु हुँदैन ।'तर लसुन आयात रोक्न सरकारी निकायबाट पहल भएको देखिँदैन । अघिल्लो वर्ष १ अर्ब बराबर आयात हुने लसुन यो वर्षको ९ महिनामा साढे ६ अर्ब पुगिसकेको छ । पछिल्लो समय भारतले चीनबाट आयात हुने वस्तु रोक लगाएसँगै नेपाल हुँदै भारतमा निकासी हुन सक्ने उनको भनाइ छ । 'यस्ता वस्तु भारतमा रोक लगाएका वेला वस्तु तेस्रो मुलुक हुँदै निर्यात हुन्छ भने यसरी अनौपचारिक रूपमा व्यापार हुनबाट रोक्नुपर्छ ।

सम्बन्धित निकायलाई बलियो बनाएर यसरी अस्वाभाविक रोक लगाउनुपर्छ,' उनले भने । स्वदेशलाई आवश्यक वस्तु ल्याउने हो तर अवैध रूपमा निर्यात हुने गरी आयात हुन दिन नहुने उनको भनाइ छ ।'यसलाई रोक्न कृषि मन्त्रालय, वाणिज्य मन्त्रालय, भन्सार क्वारेन्टाइन बसेर छलफल गर्नु पर्नेछ,' उनले थपे, 'यो विषयमा छलफल पनि भइरहेको होला ।' तर लसुन आयात रोक्न सरकारी निकायबाट पहल भएको देखिँदैन । अघिल्लो वर्ष १ अर्ब बराबर आयात हुने लसुन यो वर्षको ९ महिनामा साढे ६ अर्ब पुगिसकेको छ ।

**अघिल्लो वर्षको आयात मूल्य बराबर यो वर्ष राजस्व संकलन**

चालु आर्थिक वर्षको चैत मसान्तसम्म (९ महिना) मा ६ अर्ब ४५ करोड ८ लाख ३९ हजार रुपैयाँको ४ करोड ९० लाख ११ हजार ९२३ किलो लसुन आयात भएको छ । उक्त परिमाणमा लसुन आयात हुँदा १ अर्ब ६६ करोड ४४ लाख ६१ हजार रुपैयाँ बराबर राजस्व संकलन भएको विभागको तथ्यांकमा उल्लेख छ ।



तर निर्यात भने न्यून परिमाणमा भएको छ । यो अवधिमा ३ लाख ८३ हजार रुपैयाँको ९२० किलो लसुन निर्यात भएको छ । अघिल्लो वर्ष यसै अवधिमा चालु वर्षमा लसुन आयात हुँदा संकलन भएको राजस्व बराबर मूल्यको लसुन आयात भएको थियो । अघिल्लो वर्ष १ अर्ब ६४ करोड ९६ लाख २८ हजार रुपैयाँ बराबरको १ करोड २६ लाख ८२ हजार ४७७ किलो लसुन आयात भएको विभागको तथ्यांकमा उल्लेख छ । सो परिमाणमा लसुन आयात हुँदा ४२ करोड ५७ लाख ६० हजार रुपैयाँ राजस्व संकलन भएको थियो । त्यसपछि अस्वाभाविक रूपमा लसुन आयात बढेको भन्दै आलोचना हुन थालेपछि आयात सामान्य घटेको थियो । चैतसम्म आयात भएको लसुनमध्ये ६ अर्ब ३९ करोड ६९ लाख ६७ हजार रुपैयाँको ४ करोड ८५ लाख ५१ हजार ३६७ किलो लसुन चीनबाट आयात भएको छ ।

यस्तै ५ करोड ३८ लाख ७२ हजार रुपैयाँको लसुन भारतबाट आयात भएको देखिन्छ । यति ठुलो परिमाणमा लसुन भित्रिनु अस्वाभाविक भएको सरकारी अधिकारीहरू बताउँछन् । अस्वाभाविक आयात बढ्नुमा भन्सार विभागका अधिकारी पनि भारततर्फ चोरी निकासी भएको हुन सक्ने बताउँछन् । गत साउन र भदौमा राजस्व अनुसन्धान विभाग र नेपाल प्रहरीले बरामद ठुलो परिमाणमा भारततर्फ अवैध रूपमा निकासी हुनै लागेको लसुन बरामद गरेका थिए जसबाट पनि भारतर्फ लसुन तस्करी हुँदै आएको पुष्टि भएको थियो ।

**सबैभन्दा धेरै आयात मंसिरमा**

२०८१ साउनदेखि लसुन आयात अस्वाभाविक रूपमा बढेको थियो । फेरि माघ र फागुनमा ह्वात्तै घटेको लसुन चैतमा दोब्बरले आयात बढेको देखिन्छ । साउनमा ४९ करोड ५५ लाख ९५ हजार रुपैयाँको ३७ लाख ४४ हजार ३०० किलो लसुन आयात भएको थियो । भदौमा ह्वात्तै दोब्बरले बढेर १ अर्ब ३ करोड २ लाख ९३ हजार रुपैयाँको ७७ लाख ३६ हजार २५० किलो लसुन आयात भयो ।

यस्तै असोजमा ७८ करोड ८१ लाख १५ हजार रुपैयाँको ५९ लाख ९८ हजार ३७० किलो आयात भयो । कात्तिकमा ८२ करोड ३१ लाख ४० हजार ६३ लाख ६७ हजार ४८० किलो आयात भएको थियो । मंसिरमा २ अर्ब २२ करोड ४५ लाख ८६ हजार रुपैयाँको १ करोड ६८ लाख ११ हजार ४७२ किलो लसुन आयात भएको देखिन्छ । फेरि पुसमा ८२ करोड ३७ लाख ४६ हजार रुपैयाँको ६२ लाख ९३ हजार ७३५ किलो लसुन आयात भयो । करिब ६ महिनाको अवधिमा ६ अर्ब बराबरको लसुन आयात भयो । त्यसपछि अस्वाभाविक रूपमा लसुन आयात बढेको भन्दै आलोचना हुन थालेपछि आयात सामान्य घटेको थियो ।

माघमा ७ करोड ९९ लाख ५६ हजार रुपैयाँको ६१०२८० किलो लसुन आयात भयो । फागुन पनि घटेर ६ करोड २५ लाख ४६ हजार रुपैयाँको ४८५७०१ किलो लसुन आयात भएको थियो । फागुनको तुलनामा चैत महिनामा फेरी दोब्बरले लसुन आयात बढेको विभागको तथ्यांकमा उल्लेख छ । चैतमा १२ करोड २८ लाख ६१ हजार रुपैयाँको ९६४३३५ किलो लसुन आयात भएको छ ।

**स्वदेशी उत्पादनले नधान्दा आयात**

तरकारीमा मसलादेखि औषधिका रूपमा समेत लसुन प्रयोग हुँदै आएको छ । स्वदेशी उत्पादन अपर्याप्त हुने भएकाले आयात गर्नुपर्ने अवस्था भएको सरकारी अधिकारीहरू बताउने गर्छन् ।

नेपालमा वार्षिक रूपमा करिब ९ हजार हेक्टर क्षेत्रफलमा ७२ हजार मेट्रिक टन लसुन खेती हुँदै आएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार २०७९/०८० मा ९ हजार ५ सय ७० हेक्टर क्षेत्रफलमा लसुन खेती गरिएको थियो । सो क्षेत्रफलबाट ७३ हजार ५ सय ६७ सय मेट्रिक टन लसुन उत्पादन भएको उल्लेख छ ।यस्तै ०७८/७९ मा ९ हजार ९ सय ४३ क्षेत्रफलमा लसुन खेती हुँदा ७४ हजार ७ सय ६३ मेट्रिक टन उत्पादन भएको थियो । यसैगरी ०७७/७८ मा ९ हजार ७ सय ८४ हेक्टर क्षेत्रफलमा ७२ हजार ४ सय ९० मेट्रिक टन उत्पादन भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।पछिल्लो ५ वर्षको तथ्यांक हेर्ने हो भने बर्सेनि लसुन आयात बढ्दै गएको देखिन्छ ।

०७६/७७ मा ३१ करोड ५३ लाख रुपैयाँ बराबरको ३१ लाख १२ हजार ६२६ किलो लसुन आयात भएको विभागको तथ्यांकमा उल्लेख छ । २०७७/७८ मा पनि आयात बढेको छ । उक्त वर्ष १ अर्ब ५ करोड ९६ लाख रुपैयाँको १ करोड ६० हजार ७०० किलो लसुन आयात भएको थियो । यस्तै ०७७/७८ देखि ०७९/८० सम्म लगातार १ अर्ब रुपैयाँ बराबरको लसुन आयात भएको देखिन्छ । त्यसयता दोब्बरले आयात बढेको तथ्यांकले देखाउँछ । अघिल्ला तीन वर्षको तुलनामा दोब्बरले आयात बढेर ०८०/८१ मा दुई अर्बभन्दा बढीको लसुन आयात भएको छ ।

*-रातोपाटी डटकम*


**कालिगण्डकी कोरिडोर सडक योजना पाल्पाको सार्वजनिक सूचना**

यस योजनाको कार्यक्षेत्र भित्र पर्ने विभिन्न स्थानमा सडक सिमा भित्र अनधिकृतरुपमा शाखा सडक खोल्ने, घर टहरा बनाउने, निर्माण सामाग्री राख्ने विज्ञापन, होडिङ्ग बोर्ड, सवारी साधन पार्किङ, टायर हाउस, ग्यारेज, वासिङ सेन्टर, अस्थायी तारवार, पशु-चौपाय छोड्ने, विभिन्न पसल राख्ने, कृषि उपज विस्कुन सुकाउने जस्ता कार्यहरू कानुनत: पूर्णरुपमा निषेधित गरिएको कार्य भएकोले सोकार्य नगर्नु नगराउनु हुन सम्पूर्णमा अनुरोध छ । अन्यथा सार्वजनिक सडक ऐन २०३१ बमोजिम जुनसुकै बेला कारवाहीका प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजना प्रमुख
कालिगण्डकी कोरिडोर
(गैडाकोट–राम्दी–मालढुङ्गा)
सडक योजना, पाल्पा

**तानसेन नगरपालिकाको अनुरोध**

- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।

पिताम्बर पाण्डे, प्रमुख प्रशासकीय अधिकृत
प्रतिक्षा सिंजाली, उप-प्रमुख
सन्तोष लाल श्रेष्ठ, नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

# नेपालमा पनि विश्व हाँसो दिवस मनाइँदै




**पाल्पा, वैशाख २०/** आज विश्व हाँसो दिवस मनाइँदै छ । हरेक वर्षको मे महिनाको पहिलो आइतबार यो दिवस मनाइन्छ । हाँसोका माध्यमबाट विश्व शान्तिमा सकारात्मक योगदान र भातृत्व तथा मित्रताको विश्वव्यापी चेतना फैलाउन १९९८ देखि यो दिवस मनाउन थालिएको हो ।

योगसँग सम्बन्धित संङ्घ संस्थाले यो विभिन्न कार्यक्रम गरेर मनाउँदै छन् । हाँसोले सकारात्मक उर्जा दिने भएकाले योग प्रशिक्षकले हाँस्ने कक्षा नै सञ्चालन गर्ने गरेका छन् । हाँस्नाले मस्तिष्कमा सकारात्मक विचार उत्पन्न हुने र यसले शरीरमा उर्जाको सञ्चार गर्ने उनीहरुको भनाई छ । हाँसोलाई योगकै महत्वपूर्ण पाटो मानिन्छ । हिजोआज हाँसोको योगाकै लागि बनेर क्लब तथा संस्था खुल्न थालेका छन् । यो दिवस सन् १९८८ देखि भारतबाट मनाउन थालिएको हो । अहिले यो दिवस नेपाल सहित विश्वव्यापी रुपमा मनाइन्छ । हाँसोमा आधारित योगा अभियान 'वर्ल्डवाइड लाफ्टर योगा मूभमेन्ट' चलाइरहेका मुम्बईका चिकित्सक डा. मदन कटारियाको पहलमा दिवस मनाउन थालिएको हो । मानिसमा आपसी दया, सद्भाव र खुसी फैलाउन हाँसोले प्रोत्साहित गर्दछ । हाँसोले व्यक्तिको व्यक्तित्वलाई आकर्षकसँगै सामाजिक सम्बन्धलाई प्रगाढ बनाउन सहयोग गर्छ । यसले स्वास्थ्यलाई समेत महत्वपूर्ण फाइदा गर्छ । मानिस सामाजिक प्राणी भएकाले सधैं समाजमा बस्न रुचाउँछ । सही सम्बन्धको अभावमा थुप्रै खालका मानसिक विकारको अवस्थामा पुग्ने अवस्था हुन्छ । त्यस्तो अवस्थामा हाँस्दा वा खुसी हुँदा सामाजिक सम्बन्ध र सहयोगमा वृद्धि गर्छ । जब सामाजिक सहयोग बढ्छ त्यहाँ सम्बन्धहरू सुन्छिन् । तब व्यक्तिको तनाब कम हुन्छ, तनाब कम भएपछि सुखी बढ्छ र आनन्द बढ्छ । आनन्द बढ्नु भनेको नै मानसिक स्वास्थ्य स्वस्थ हुनु हो । हाँसोले आत्मविश्वास बढाउँछ । हाँसोले मानिसलाई शारीरिक तथा मानसिक रुपमा स्वस्थ बनाउँछ । हाँसोले शारीरिक र मानसिक तनाव हटाउन मद्धत गर्नुका साथै प्रतिरोधी क्षमतामा वृद्धि गर्न पनि सहयोग पुर्‍याउँछ । यसले तनावका हार्मोनलाई घटाई स्वस्थ रहने रसायन बढाउनुको साथै मुटुको रक्षा पनि गर्छ । हाँस्ने बानीले विना तनाव कुनै पनि प्रकारका अप्ठेरोसँग जुध्ने क्षमतामा वृद्धि गर्छ । जो मानिसमा हाँसोको भावना हुन्छ, ऊ नहाँस्ने मानिसभन्दा बढी समयसम्म बाच्ने गरेको विभिन्न अध्ययनहरुले समेत देखाएका छन् ।

# लुम्बिनी नाट्य रत्नद्वारा अथक सम्मानित



**पाल्पा, वैशाख २०/** पालपाली साहित्यकार तथा ऐतिहासिक नाटक सङ्ग्रह 'अमरपात्र' का लेखक पुष्कर अथक रेग्मी 'लुम्बिनी नाट्य रत्न सम्मान २०८२' बाट सम्मानित भएका छन् । लुम्बिनी वाङ्मय प्रतिष्ठान नेपालले एक कार्यक्रमकाबिच बुटवलमा सम्मान गरेको हो ।

अथकलाई प्रमुख अतिथि लुम्बिनी प्रदेशका सभामुख तुलबहादुर घर्ती र प्रतिष्ठानका अध्यक्ष ऋषि आजादले सम्मान गरेका हुन् । प्रतिष्ठानले अथक सहित लुम्बिनी प्रदेशका विभिन्न जिल्लाका एक दर्जन स्रष्टाहरूलाई समेत सम्मान गरेको छ । रेग्मी पाल्पा साहित्य समाज, शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपालका अध्यक्ष र शीत काव्य समाज नेपालका परिकल्पनाकार समेत हुन् । उनले पाल्पाको साहित्य क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएका छन् । काव्य आख्यान निबन्ध र नाटक चारैवटा विधामा दुई दर्जनभन्दा बढी कृति प्रकाशित गरिसकेका अथकले ऐतिहासिक नाटक संग्रह 'अमरपात्र' प्रकाशित गरिसकेका छन् ।

मोफसलमा बसेर पाल्पाका राजा मणिमुकुन्द सेन, राजा पृथ्वीपालसेन, काजी अमरसिंह थापा र कर्णेल उजिरसिह थापाको जीवनीमा आधारित नाट्यकृति प्रकाशित गरेको र नेपाली नाट्यकृति प्रकाशनको क्रममा सहयोग पुर्‍याए बापत अथकलाई सम्मान गरिएको प्रतिष्ठानले जनाएको छ । कार्यक्रममा लोकार्पण गरिएको ग्रन्थ 'नेपाली नाट्यविमर्श' चारखण्डमा संरचित छ ।

पहिलो खण्डमा अनुसन्धान, दोस्रो कार्यपत्र, तेस्रो वार्ता र चौथो परिशिष्ट खण्ड रहेको छ । ग्रन्थ नेपाली नाट्य वाङ्मयको ऐतिहासिक दस्तावेजको रूपमा रहने छ । प्रतिष्ठानले बुटवल उपमहानगरपालिकाको सहकार्यमा नेपाली नाट्यप्रतिष्ठान पोखराद्वारा प्रकाशित ग्रन्थ 'नेपाली नाट्यविमर्श' लोकार्पण विमर्श एवं सम्मान कार्यक्रमको गरेको हो ।

## खेलकुद समाचार

# क्रिकेटमा गुजरातले हैदराबादलाई हरायो



**काठमाडौं, वैशाख २०/** इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा गुजरात टाइटन्सले सनराइजर्स हैदराबादलाई ३८ रनले हराएको छ । जीतका लागि दुई सय २५ रनको लक्ष्य पछ्याएको हैदराबादले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर एक सय ८६ रन बनायो । उसका अभिषेक शर्माले ७४ रन बनाए पनि टोलीको हार टार्न सकेनन् । गुजरातका मोहम्मद सिराज र प्रसिद्ध कृष्णाले समान दुई तथा इशान शर्मा र गेराल्ड कोट्जेले समान एक विकेट लिए । त्यसअघि अहमदावादमा टस हारेर पहिला ब्याटिङ गरेको गुजरातले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर दुई सय २४ रन बनाएको थियो । उसका कप्तान शुभमन गिलले सर्वाधिक ७६ रन बनाए । त्यस्तै जोश बट्लर ६४ र साई सुदर्शन ४८ रनमा आउट भए । हैदराबादका जयदेव उनादकटले तीन विकेट लिए ।यो जीतसँगै गुजरातको १० खेलमा १४ अंक भएको छ । गुजरात तालिकाको दोस्रो स्थानमा छ । हैदराबाद समान १० खेलमा ६ अंकसहित नवौं स्थानमा छ ।आईपीएल क्रिकेटमा आज रोयल च्यालेन्जर्स बेङ्गलुरु (आरसीबी) र चेन्नई सुपर किङ्स खेल्दैछन् । खेल बेङ्गलुरुमा नेपाली समय अनुसार बेलुका पौने ८ बजे शुरू हुनेछ ।बेङ्गलुरु १० खेलमा १४ अंकसहित तालिकाको तेस्रो स्थानमा छ । समान १० खेलमा चेन्नईको ४ अंक छ । तालिकाको पुछारमा रहेको चेन्नई यसअघि नै प्लेअफ होडबाट बाहिरीसकेको छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सरकारले पाँच प्रतिशत भन्दा बढी आन्तरिक ऋण लिन नपाउने



**पाल्पा, वैशाख २०/** संघीय सरकारले जीडीपीको पाँच ५ प्रतिशत भन्दा बढी आन्तरिक ऋण लिन नपाउने भएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आर्थिक वर्ष २०८२/८३ का लागि संघीय सरकारले जीडीपीको पाँच ५ प्रतिशत नबढ्ने गरी आन्तरीक ऋण लिनसक्ने भनी सिफारिस गरेको छ ।

आयोगले आर्थिक वर्ष २०८२/८३ का लागि संघ, प्रदेश र स्थानीय सरकारले लिनसक्ने आन्तरिक ऋणको निर्धारण गर्दै उक्त सिफारिस गरेको हो । नेपालको समष्टिगत आर्थिक स्थिति, राजश्व र खर्चको अनुमान र बजार सहजता समेतको विश्लेषण गरी अनुमानित कुल गार्हस्थ्य उत्पादनको पाँच प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषणबाट आन्तरिक प्रतिफल दर वा खुद वर्तमान मूल्य उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका साथै, राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र मध्यमकालीन खर्च संरचना अन्तर्गतको पहिलो प्राथमिकता प्राप्त आयोजनाका लागि आन्तरिक ऋण उठाउन सक्ने बताइएको छ ।

प्रदेश सरकारहरुले आन्तरिक ऋण परिचालनको संरचनागत र प्रक्रियागत प्रवन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँटको रकम र प्रदेश सरकारको आृनो आन्तरिक स्रोतबाट प्राप्त हुने राजश्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी त्यस्तो ऋण लिनसक्ने गरी सीमा तोकिएको छ । आयोजना/परियोजना कार्यान्वयनका लागि नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋण उठाउन सक्नेगरी आयोगले सिफारिस गरेको हो ।

त्यस्तै स्थानीय सरकारलाई पनि ऋणको सीमा तोकिएको छ । स्थानीय सरकारहरुले नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँटको रकम र स्थानीय सरकारको आृनो आन्तरिक स्रोतबाट प्राप्त हुने राजश्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्ने छन् ।

# समूहबाट आर्थिक समृद्धि...

...उनका अनुसार करिब ८६ किलो मह उत्पादन भएको र सबै बिक्री भएको थियो । ५०० देखि ६०० प्रतिकिलोमा बिक्री गरेको उनले बताइन् । गाईवस्तु पालेकोभन्दा सजिलो हुने भएर यो काम राम्रो लागेको उनले बताइन् । उनका अनुसार तालिमपछि क्षमता विकास र वित्तीय साक्षरता पनि भएको छ । तुलसीपुर उपमहानगरपालिका-१६ टिक्रालहलौराकी उर्मिला चौधरी पूर्वकमलरी हुन । उनी प्रगति पशुपालन महिला समूहको अध्यक्ष बनेकी छन् । समूहमा आबद्ध भएपछि उनले च्याउखेतीको तालिम लिइन् । उनले समूहमा आवद्ध भएपछि ३० हजार घुम्ती कोषबाट पैसा लिएर च्याउखेती गरिन् । चार सय लोकल कुखुरा र दुई हजार ५०० गिरीराज कुखुरापालन गरेर प्रशस्त आम्दानी गरेको उनले बताइन् । समूहले आम्मनिर्भर बनाएकाले यसैलाई निरन्तरता दिने उनले बताइन् । उनीहरुको ३० जनाको समूह छ । उनका अनुसार घुम्ती कोषको पैसा एक वर्षमा साँवामात्रै फिर्ता गर्नुपर्छ ब्याज लाग्दैन । घोराहीका उपप्रमुख हुमा डिसीले मुक्तकमलरीसँग सहकार्य गरेर काम गरेको बताइन् । "विभिन्न तालिम दिएर काम गरेका छौं", उनले भनिन् । पालिकाभित्र रहेका छाना नभएकालाई मुक्त कमलरीलाई छाना दिने कार्यक्रम रहेकाले छाना नभएकाहरुले पालिकामा सम्पर्क गर्न उनले आग्रह गरिन् । सीप सिकेकालाई स्वरोजगार बन्न पनि उनले आग्रह गरिन् । मुक्त कमलरी विकास मञ्चका परियोजना अधिकृत सुवोध चौधरीले मुक्त कमलरी सशक्तीकरण परियोजनाअन्तर्गत प्रत्यक्ष ४६५ जनालाई सहयोग गरेको बताए । उनका अनुसार दाङका घोराही उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका र लमही नगरपालिकामा कार्यक्रम लागू भएको छ । लक्षित वर्गमा पूर्वकमलरी, सीमान्तकृत तथा असहाय रहेको उनले बताए । महिलाहरुले समूह बनाएर व्यावसायिक कामबाट आम्दानी गर्न थालेको उनले जानकारी दिए । *-रासस*

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई